आज मिति २०७६/८/२५ गते सोमबारका दिन बिहान १०.०० बजे यस इच्छाकामना गाँउपालिकाका अध्यक्ष श्री गिता कुमारी गुरुङगज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको ६३ औं वैठक बस्यो । आजको बैठकको उपस्थिति एवं निर्णय तपसिल बमोजिम रहेको छ ।

| दस्तखत | नामथर | पद |
|---|---|---|
| | गीता कुमारी गुरुङग | गा पा अध्यक्ष |
| | कृति कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष |
| | श्री नन्दलाल गिरी | वडा अध्यक्ष वडा नं. १ |
| | श्री पन्च व प्रजा | वडा अध्यक्ष वडा नं. २ |
| | श्री गोर्वद्धन अधिकारी | वडा अध्यक्ष वडा नं. ३ |
| | श्री होम व राना मगर | वडा अध्यक्ष वडा नं. ४ |
| | मोदराज सिलवाल | वडा अध्यक्ष वडा नं. ५ |
| | श्री भुपेन्द्र प्रजा | वडा अध्यक्ष वडा नं. ६ |
| | श्री बम व थापा मगर | वडा अध्यक्ष वडा नं. ७ |
| | श्री सावित्री गुरुङग | कार्यपालिका सदस्य महिला |
| | श्री निर्मला श्रेष्ठ | कार्यपालिका सदस्य महिला |
| | श्री मन कुमारी सुनार | कार्यपालिका सदस्य महिला दलित |
| | श्री दमन कुमारी चेपाङ्ग | कार्यपालिका सदस्य महिला |
| | श्री भद्र व प्रजा | कार्यपालिका सदस्य अल्पसंख्यक |
| | श्री मन व प्रजा | कार्यपालिका सदस्य अल्पसंख्यक |
| | श्री बलराम त्रिपाठी | का वा वडा अध्यक्ष वडा नं. ५ |
| | श्री सुकदेव लम्साल | प्रमुख प्रशासकीय अधिकृत |
| | श्री विनोद अर्याल | अधिकृत लेखा |

प्रस्तावहरु

१ मिति २०७६।०८।२१ गते साँझ वडा नं २ का वडाध्यक्ष पञ्च बहादुर चेपाङगमाथि भएको कुटपिट र दुर्व्यवहारको घटनाबारे छानवीन समिति गठन गर्ने सम्वन्धमा

२ VISIT NEPAL 2020 सम्वन्धमा ।

३ गापा अध्यक्ष उपाध्यक्ष लगायत जनप्रतिनिधिहरुमाथि लगायतको आरोप सम्वन्धमा।

निर्णयहरु

**निर्णय नं १**

यहि मिति २०७६।०८।२१ गते साँझ करिब ६।०० बजेको समयमा वडा नं २ का वडाध्यक्ष पञ्च बहादुर चेपाङग लगायतका वहाँका सहयोगीहरुमाथि भएको सांघातिक हमला र दुर्व्यवहारप्रति यस ईच्छाकामना गाउँपालिका गाउँ कार्यपालिका घोर भर्सना र निन्दा गर्दछ। यस कार्यमा संलग्नहरुलाई कानून बमोजिम कडा भन्दा कडा कार्यवाहीको व्यवस्था लागि जोडदार रुपमा माग गर्ने निर्णय गरियो। उक्त घटनाको सम्बन्धमा यथार्थ बुझि गाउँपालिकामा प्रतिवेदन पेश गर्न देहाय बमोजिमको समिति बनाउने निर्णय गरियो ।

संयोजकः कृति कुमार श्रेष्ठ

सदस्यः सुकदेव लम्साल

सदस्यः नन्दलाल गिरी

सदस्यः भुपेन्द्र चेपाङग

सदस्यः सावित्री गुरुङग

सदस्यः भद्र बहादुर प्रजा

सदस्य सचिवः रामचन्द्र न्यौपाने

**निर्णय नं २**

VISIT NEPAL 2020 लाई मध्यनजर राखी यस इच्छाकामना गाउँपालिकामा स्थित उपरदाङगढी, सिराईचुली, लामो झरना, इच्छाकामना मन्दिर रहेको टिसर्ट बनाउने, ब्रोसर छपाउने ।

मोवाखोलामा गेट बनाउने, होमस्टेहरुलाई सुधार गर्ने, चेपाङग संस्कृति, गुरुङग संस्कृति, मगर संस्कृति, नेवार संस्कृति, थकाली संस्कृतिका Cultural Programme हरु तयारी गर्न गराउन लगाउने ।

चेपाङग संस्कृतिको लागि हात्तीबांग,

गुरुङग संस्कृतिको लागि जलबिरे लाम्ो झरना,

मगर संस्कृतिको लागि लेवाटार

नेवार र थकाली संस्कृतिका लागि मुग्लिङगका नागरिकहरुसँग समन्वय गरी अवलोकन गराउने ।

यस कार्यका लागि सबै पक्षहरुसँग समन्वय गरी समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

यहि मिति २०७६।०८।२१ गते साँझ करिब ६।०० बजेको समयमा वडा नं २ का वडाध्यक्ष पञ्च बहादुर चेपाङग लगायतका वहाँका सहयोगीहरुमाथि भएको सांघातिक हमला र दुर्व्यवहारप्रति गापा अध्यक्ष उपाध्यक्ष लगायतका जनप्रतिनिधिहरुमाथि विभिन्न व्यक्ति तथा संगठनहरुले लगायतको आरोप प्रति खेद व्यक्त गर्दै सामाजिक सञ्जाल लगायतका विभिन्न सञ्चार माध्यमहरुमा यसरी विना आधार यस्ता खालका समाचारहरु बारम्बार संप्रेशण गरी जनप्रतिनिधिहरुको मनोबल गिराउने व्यक्ति पक्षहरुलाई आगामी दिनमा कानून बमोजिमको कार्वाहीको लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १ प्रस्तावमा र निर्णयमा स्याँगे गराउने विषयमा मेरो असहमति छ।